## स्थायी समितिको बैठकको निर्णय

२०६८ जेष्ठ १६ गते सोमवार

**उपस्थिति :**

| | | |
|---|---|---|
| श्री सुरज वैद्य | अध्यक्ष | उपस्थित |
| श्री कुशकुमार जोशी | निवर्तमान अध्यक्ष | उपस्थित हुन नसक्ने खवर प्राप्त । |
| श्री भाष्कर राज राजकर्णिकार | वरिष्ठ उपाध्यक्ष | उपस्थित |
| श्री भवानी राणा | उपाध्यक्ष | उपस्थित हुन नसक्ने खवर प्राप्त । |
| श्री प्रदीप जंग पाण्डे | उपाध्यक्ष | उपस्थित हुन नसक्ने खवर प्राप्त । |
| श्री पशुपति मुरारका | उपाध्यक्ष | उपस्थित |
| श्री अनुप बहादुर मल्ल | सदस्य | उपस्थित |
| श्री कल्याणकृष्ण ताम्राकार | सदस्य | उपस्थित |
| श्री गुणनिधि तिवारी | सदस्य | अनुपस्थित |
| श्री छायां शर्मा | सदस्य | उपस्थित |
| श्री जगदीश प्रसाद राठी | सदस्य | अनुपस्थित |
| श्री डि.बी. बस्नेत | सदस्य | उपस्थित |
| श्री दिनेश श्रेष्ठ | सदस्य | उपस्थित |
| श्री बि.के. श्रेष्ठ | सदस्य | उपस्थित |
| श्री लोक विक्रम थापा | सदस्य | उपस्थित |
| श्री शेखर गोल्छा | सदस्य | उपस्थित |
| श्री शंकर प्रसाद पाण्डे | सदस्य | उपस्थित |
| श्री ज्ञानेन्द्रलाल प्रधान | सदस्य | उपस्थित |

**विशेष आमन्त्रित :**

| | | |
|---|---|---|
| श्री अशोक शर्मा | सदस्य | उपस्थित |
| श्री ओम बहादुर राजभण्डारी | सदस्य | अनुपस्थित |
| श्री चन्द्र प्रसाद ढकाल | सदस्य | उपस्थित |
| श्री विराट थापा | सदस्य | अनुपस्थित |
| श्री संजय गिरी | सदस्य | अनुपस्थित |

नेपाल उद्योग वाणिज्य महासंघको स्थायी समितिको दोश्रो वैठक २०६८ साल जेष्ठ १६ गते सोमवार अध्यक्ष श्री सुरज बैद्यको अध्यक्षतामा महासंघको सचिवालय, टेकुमा बस्यो । वैठकमा निम्न विषयहरुमा छलफल भई निम्नानुसारको निर्णय भयो ।

**वैठकको विषयसुची :**

१. गठन भएका समिति/फोरमहरु सम्बन्धमा ।

२. विशेष साधारण सभा सम्बन्धमा ।

३. विविध ।

१. **बैठक प्रारम्भ :**

बैठकको प्रारम्भमा अध्यक्ष श्री सुरज बैद्यले बैठकमा उपस्थित सबैलाई स्वागत गर्नु हुँदै बैठकको बिषयसूची अनुसार हालसम्म गठन भएका समिति एवं फोरमका साथै समिति/फोरममा मनोनित भएका सभापति/संयोजक वारे बैठकलाई जानकारी गराउनु भयो। यसै क्रममा उहांले महासंघको विधान अनुसार १५ वटा समिति रहने व्यवस्था भए अनुसार विधानमा अनिवार्य गठन गर्नु पर्ने ९ वटा समितिको अतिरिक्त अहिलेका जल्दा बल्दा बिषयबस्तुलाई दृष्टिगत गर्दै उर्जा, निर्यात प्रबर्द्धन, एक जिल्ला एक उत्पादन, महासंघको ब्राण्डिङ्ग एवं आय श्रोत परिचालन समिति गठन गरिएको उल्लेख गर्नु भयो।

**हालसम्म गठन भएका समिति एवं सभापति :**

| समितिको नाम | समिति सभापति |
|---|---|
| १. उद्योग समिति | श्री दिनेश श्रेष्ठ |
| २. व्यापार समिति | श्री शंकर प्रसाद पाण्डेय |
| ३. घरेलु तथा साना उद्योग समित | श्री लोक विक्रम थापा |
| ४. महिला उद्यमी विकास समिति | श्री छायाँ शर्मा |
| ५. स्थल यातायात तथा पारवहन समिति | श्री गुणनिधि तिवारी |
| ६. कर तथा राजस्व समिति | श्री जगदीश प्रसाद राठी |
| ७. पर्यटन तथा हवाई यातायात समिति | श्री वि.के. श्रेष्ठ |
| ८. बैंक वित्तिय तथा बीमा समिति | श्री शेखर गोल्छा |
| ९. एक जिल्ला एक उत्पादन समिति | श्री डि.बी. बस्नेत |
| १०. निर्यात प्रबर्द्धन समिति | श्री अनुप बहादुर मल्ल |
| ११. उर्जा समिति | श्री ज्ञानेन्द्र लाल प्रधान |
| १२. नेउवामहासंघ ब्राण्डिङ्ग एवं अयाश्रोत परिचालन समिति | श्री कल्याणकृष्ण ताम्राकार |

**हालसम्म गठन भएका फोरम**

| फोरमको नाम | फोरम सभापति |
|---|---|
| १. संस्कृति तथा मनोरञ्जन व्यवसाय फोरम | श्री अशोक शर्मा |
| २. शहरी विकास फोरम | श्री ओम राजभण्डारी |
| ३. रुग्ण उद्योग पुनर्स्थापना फोरम | श्री विराट थापा |
| ४. वातावरण फोरम | श्री संजय गिरी |
| ५. लगानी प्रबर्द्धन फोरम | श्री चन्द्र प्रसाद ढकाल |

२. **समिति/फोरमको बैठक एवं कार्यक्रम सम्बन्धमा :**

अध्यक्ष श्री सुरज बैद्यले समिति एवं फोरम आफ्नो कार्यक्षेत्र अनुसार Proactive भएर कार्य गर्नु पर्ने आवश्यक भएको बताउनु हुँदै यस सम्बन्धमा बैठकमा छलफल भयो। छलफल पश्चात बैठकले निम्नानुसारको निर्णय गऱ्यो।

__निर्णय__ :

१. समितिले आफ्नो कार्यक्षेत्र अनुसार Proactive भई कार्य गर्ने ।

२. समितिको बैठक प्रत्येक महिना बस्ने । कम्तिमा २ देखि ३ वटा बैठकसम्म काठमाडौं वाहिर जिल्लाहरुमा गर्ने ।

३. समितिले वर्षको एउटा ठूलो कार्यक्रम गर्ने ।

४. समितिले कार्यक्षेत्र अनुसार सञ्चालन गर्ने कार्यक्रम बनाई पेश गर्ने ।

**समितिका सभापतिले प्रति महिना आर्थिक योगदान गर्ने सम्बन्धमा** :

अध्यक्ष श्री सुरज बैद्यले -महासंघमा कर्मचारीको अभाव रहेको बैठकमा जानकारी गराउनु हुंदै समिति/फोरमको कार्यक्षेत्र अनुसार प्रभावकारी तवरले गतिविधि एवं क्रियाकलापहरुलाई अगाडि बढाउन समिति एवं फोरमको कार्य गर्ने गरी ५जना कर्मचारीहरु महासंघ एवं सभापति/संयोजकको आर्थिक सहयोगमा नियुक्ति गर्न सकेमा समिति एवं फोरमको कार्य सुचारु रुपले प्रभावकारी तवरले अगाडि बढ्न सक्ने भएकोले समिति/फोरमका सभापति एवं संयोजकले प्रति महिना रु. ५,०००। (पाँच हजार रुपैयां) योगदान गर्न अनुरोध गर्नु भयो ।

**सभापति एवं संयोजकलाई कदर सम्मान गर्ने सम्बन्धमा** :

अध्यक्ष श्री सुरज बैद्यले Proactive भई राम्रो कार्य गर्नेसमिति/फोरमका दुई/दुईजना सभापति/संयोजकलाई यस वर्षदेखि कदर सम्मान गर्ने परिपाटी बसाल्ने वारे पनि बैठकलाई जानकारी गराउनु भयो ।

**समिति/फोरमको बैठकमा सम्बन्धित पदाधिकारी उपस्थिति हुने सम्बन्धमा** :

अध्यक्ष श्री सुरज बैद्यले समिति एवं फोरमको समन्वय गर्नु हुने पदाधिकारीहरु वारे बैठकलाई जानकारी गराउनु हुंदै समिति/फोरमको बैठकमा समन्वय गर्ने उपाध्यक्षले समिति/फोरमको बैठकमा अनिवार्य उपस्थिति हुनु पर्ने वारे बैठकलाई जानकारी गराउनु भयो । समिति/फोरम समन्वय गर्नु हुने पदाधिकारीहरु **अनुसूची–१** मा प्रस्तुत गरिएको छ ।

**विशेष साधारण सभा सम्बन्धमा** :

अध्यक्ष श्री सुरज बैद्यले महासंघको विधानको दफा ३५.२ अनुसार निर्वाचनको लागि हुने साधारण सभा चैत्र मसान्त भित्र हुने र त्यस्तो साधारण सभामा दफा २७.१ को (च) मा उल्लेखित महासंघको अध्यक्ष, उपाध्यक्ष तथा कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन गर्ने कार्य मात्र हुने र बांकी बिषयमा छलफल गर्न त्यस पछिको जेष्ठ मसान्त भित्र विशेष साधारण सभा बस्ने उल्लेख भए अनुसार महासंघको गत चैत्र महिनामा भएको ४५ औं वार्षिक साधारण सभामा निर्वाचनको कार्य मात्र भएकोले बांकी बिषयमा छलफल गर्न यही जेष्ठ ३० र ३१ गते उद्योग वाणिज्य संघ चितवनको आतिथ्यतामा चितवनमा विशेष साधारण सभा हुने भएको बैठकलाई जानकारी गराउनु भयो । साथै उहांले यस वर्षको विशेष साधारण सभा फरक तरिकाले गर्ने बैठकलाई जानकारी गराउनु हुंदै विशेष साधारण सभाको कार्यक्रम बैठकमा प्रस्तुत गर्नु भयो । प्रस्तुत कार्यक्रम **अनुसूची–** मा प्रस्तुत गरेको छ ।

**विशेष साधारण सभामा प्रतिनिधित्व गर्ने सम्बन्धमा** :

महासंघको साधारण सभा/विशेष साधारण सभामा गणपूरक संख्या समयमा शुल्क तिरी मतदान गर्न पाउने सदस्य संस्थाको न्यूनतम ५० प्रतिशत हुने र सो मध्ये जिल्ला/नगर उद्योग वाणिज्य संघ र बस्तुगत संघको सदस्य संख्याको ४०/४० प्रतिशत र द्विराष्ट्रिय एवं एशोसिएट सदस्य संख्याको १५ प्रतिशत न्यूनतम उपस्थिति अनिवार्य हुने जानकारी बैठकलाई गराउनु हुंदै एशोसिएट क्षेत्रबाट निर्वाचित हुनु भएका १६ जना सदस्यहरुले प्रति सदस्यले कम्तिमा ५/५ जना एशोसिएट सदस्यहरुलाई विशेष साधारण सभामा सहभागिता गराउने व्यवस्थाको लागि अध्यक्ष श्री सुरज बैद्यले अनुरोध गर्नु भयो ।

**एशोसिएट क्षेत्रबाट निर्वाचित भएका कार्यकारिणी समितिका सदस्यहरु बचि भेटघाट एवं छलफल गर्ने सम्बन्धमा** :

एशोसिएट क्षेत्रबाट निर्वाचित भएका कार्यकारिणी समितिका सदस्यहरु बीच उपाध्यक्ष श्री पशुपति मुरारकाको उपस्थितिमा १५/१५ दिनमा पहिलो शुक्रवार दिउंसो ३:०० बजे महासंघमा भेटघाट एवं छलफल गर्ने वारे बैठकले सहमति गऱ्यो ।

**सम्पत्ति सुद्धिकरण एवं अन्य विविध गतिविधि वारे जानकारी** :

वरिष्ठ उपाध्यक्ष श्री भाष्कररराज राजकर्णिकारले सम्पत्ति सुद्धिकरण ऐन वारे महासंघको अवधारणा सम्बन्धमा बैठकलाई जानकारी गराउनु हुंदै यो बिषय आतंककारी गतिविधि, अवैध हात हतियारको बेचविखन, मानव तस्करी, लागु औषधिको कारोवार, संगठित अपराध कारोवारमा लगाईने लगानी र त्यसबाट हुने आर्जन रोक्न अन्तर्राष्ट्रिय स्तरमा ल्याईएको र यी कुरा रोक्न नेपालको निजी क्षेत्रको पनि समर्थन रहेको कुरा औंल्याउनु भयो । उहांले यो बिषय समेटेर बनाएको कानूनलाई सम्पत्ति सुद्धिकरणको नाम दिंदा गलत अर्थ भएको र नेपालमा बन्न लागेको कानूनमा राजस्व सम्बन्धी अन्य कानूनले समेटेका बिषयलाई पनि यो कानूनबाट नियन्त्रण गर्न खोजिएकोमा महासंघको विमति रहेको प्रष्ट्याउनु भयो । साथै उहांले कानूनको कार्यान्वयन गर्ने हाम्रा निकायहरुको क्षमताको कमिका कारण पनि धेरै समस्या आउने कुरा औंल्याउनु भयो । राजस्व अनुसन्धान र सम्पत्ति सुद्धिकरण सम्बन्धी व्यवस्था फरक फरक भएकोले यसलाई राजस्वसंग गाँस्न उहांले यो ऐन लागु गर्ने हो भने सबै व्यक्तिहरुले एकपटक सम्पत्तिको घोषणा शुन्य दरमा गर्न पाउने व्यवस्था हुनु पर्ने महासंघको धारणा प्रष्ट पार्नु भयो । यस सम्बन्धी महासंघको साथै नेपाल चेम्बर अफ कमर्स, नेपाल समुद्रपार निकासी पैठारी संघ र नेपाल उद्योग परिसंघको बैठकबाट साझा अवधारणा रहेको बैठकलाई जानकारी गराउनु भयो । साथै उहांले यही जुन २९ मा महासंघको नेतृत्वमा एक व्यापारिक प्रतिनिधिमण्डल रसियामा जाने कार्यक्रम रहेको वारे पनि बैठकलाई जानकारी गराउनु भयो ।

**श्रम सम्बन्धी बिषयमा जानकारी** :

उपाध्यक्ष श्री पशुपति मुरारकाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी न्यूनतम पारिश्रमक तोकेको सम्बन्धमा महासंघको सहमति नभएको वारे जानकारी गराउनु हुंदै यस वारे महासंघले श्रम मन्त्री एवं ट्रेड यूनियन महासंघका प्रतिनिधिहरुसंग छलफल गर्दै आएको बताउनु भयो । गत चैत्र १० गते महासंघको नेतृत्वमा प्रमुख ३ वटा ट्रेड यूनियन महासंघहरु बीच भएको पारिश्रमिक लगायत सम्बन्धित बिषयहरुमा भएको

पूर्व सम्झौता अनुसार नै हुने गरी निर्णय सच्याउन सरकारसंग माग गर्दै आएको बैठकलाई जानकारी गराउनु भयो ।

**<u>राय सुझाव प्रस्तुत</u>** :

अध्यक्ष श्री सुरज बैद्यले बिषयबस्तु अनुसार बैठकमा उपस्थित सबैलाई राय सुझाव एवं छलफलको लागि अनुरोध गर्नु भयो । सो अनुसार निम्न पदाधिकारी एवं सदस्यहरुले राय सुझाव प्रस्तुत गर्नु भयो ।

**<u>राय सुझाव प्रस्तु गर्नु हुने पदाधिकारी एवं सदस्यहरु</u>** :

१. श्री भाष्करराज राजकर्णिकार, वरिष्ठ उपाध्यक्ष

२. श्री पशुपति मुरारका, उपाध्यक्ष

३. श्री दिनेश श्रेष्ठ, कार्यकारिणी समिति सदस्य

४. श्री बि.के. श्रेष्ठ, कार्यकारिणी समिति सदस्य

५. श्री डि.बी. बस्नेत, कार्यकारिणी समिति सदस्य

६. श्री कल्याणकृष्ण ताम्राकार, कार्यकारिणी समिति सदस्य

७. श्री अनुप बहादुर मल्ल, कार्यकारिणी समिति सदस्य

८. श्री छायाँ शर्मा, कार्यकारिणी समिति सदस्य

९. श्री शेखर गोल्छा, कार्यकारिणी समिति सदस्य

१०. श्री शंकर प्रसाद पाण्डेय, कार्यकारिणी समिति सदस्य

११. श्री अशोक शर्मा, कार्यकारिणी समिति सदस्य

१२. श्री चन्द्र प्रसाद ढकाल, कार्यकारिणी समिति सदस्य

**<u>बैठक समापन</u>** :

उपरोक्त अनुसारको छलफल जानकारी एवं निर्णयका साथ अध्यक्ष श्री सुरज बैद्यले छोटो समयको सूचनामा पनि बैठकमा उपस्थित भई सहयोग पुऱ्याउनु भएकोमा सबैलाई धन्यवाद दिनु हुंदै बैठक समापन गर्नु भयो ।

*(अनुसूची–१)*

# नेपाल उद्योग वाणिज्य महासंघ
## समिति समन्वय गर्नु हुने पदाधिकारीहरु

| **समन्वय गर्नु हुने पदाधिकारी** | **गठित समिति/फोरमको नाम** |
|---|---|
| श्री भाष्कर राज राजकर्णिकार | १. स्थल यातायात एवं पारवहन समिति<br>२. एक जिल्ला एक उत्पादन समिति<br>३. निर्यात प्रबर्द्धन समिति<br>४. नेउवामहासंघ ब्राण्डिङ्ग एवं आयश्रोत परिचालन समिति |
| श्री भवानी राणा | १. घरेलु तथा साना उद्योग समिति<br>२. महिला उद्यमी विकास समिति<br>३. पर्यटन तथा हवाई यातायात समिति |
| श्री प्रदीपजंग पाण्डे | १. व्यापार समिति<br>२. सूचना तथा सञ्चार प्रविधि समिति<br>३. उत्पादकत्व तथा गुणस्तर समिति |
| श्री पशुपति मुरारका | १. उद्योग समिति<br>२. कर तथा राजश्व समिति<br>३. बैंक वित्तिय तथा बीमा समिति<br>४. उर्जा समिति |